नेपाल सरकार
Government of Nepal

माननीय श्रद्धा श्रेष्ठ
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Shradha Shrestha
Minister
Ministry of Women, Children and Senior Citizens
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

## शुभकामना सन्देश

**"हाम्रो साझा अभियानः ज्येष्ठ नागरिकप्रति श्रद्धा र सम्मान"** भन्ने राष्ट्रिय नाराका साथ आज हामी पाँचौ राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन गईरहेका छौं। यस राष्ट्रिय दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण आदरणीय आमा बुबा, दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १३ बमोजिम यस मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा गठित केन्द्रिय ज्येष्ठ नागरिक कल्याण समितिको २०७८ वैशाख ८ गते बसेको बैठकको निर्णयबाट नेपालमा पहिलो पटक ज्येष्ठ नागरिकहरुलाई वृद्ध भत्ता र सामाजिक सुरक्षा भत्ता घोषणा गरेको दिन २०५१ साल पौष ११ गतेलाई राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको रुपमा मनाउन नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने निर्णय भई ज्येष्ठ नागरिकहरुप्रति सम्मान र मनोबल वृद्धि गर्न विभिन्न कार्यक्रमका साथ राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०७८ जेठ १० गते निर्णय भएको थियो। यसरी २०७८ सालबाट शुरु भएको राष्ट्रिय ज्येष्ठ नागरिक दिवस आज हामी पाँचौं ज्येष्ठ नागरिक दिवस २०८२ **"हाम्रो साझा अभियानः ज्येष्ठ नागरिकप्रति श्रद्धा र सम्मान"** नाराका साथ देशैभरि मनाउन गईरहेका छौं।

समाजकै अग्रज, राष्ट्र निर्माणका धरोहर, अनुभवका खानी ज्येष्ठ नागरिकहरु हाम्रा अमूल्य निधी हुन। सरकारले ज्येष्ठ नागरिकका संरक्षण एवं सुरक्षाका लागि कानूनी एवं नीतिगत व्यवस्था गरी उनीहरुलाई स्वस्थ, सुरक्षित र सम्मानित जीवन व्यतित गराउने तर्फ निरन्तर प्रयास गरेको छ। अशक्त, असहाय, वेसाहारा ज्येष्ठ नागरिकको संरक्षण गर्न, स्वास्थ्य उपचारको सुविधा सहित ज्येष्ठ नागरिक गृहको स्थापना, ७५३ वटै स्थानीय तहको सहभागितामा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र/ मिलन केन्द्रहरुलाई व्यवस्थित र विस्तार गर्न कार्यक्रम घोषणा गरी लागु गरेको छ। यस मन्त्रालयवाट ज्येष्ठ नागरिकका हकहित तथा संरक्षणको क्षेत्रमा भएका मूख्य गतिविधिहरुः

- समाज कल्याण केन्द्र वृद्धाश्रम, पशुपति, काठमाडौमा आवासीय रुपमा असहाय ज्येष्ठ नागरिकहरुलाई राखी वृद्धाश्रम सञ्चालन गरिएको छ।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सम्मान गर्दै अन्तर-पुस्ता सीप हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु संचालन भएका छन्।
- वृद्धावस्था व्यवस्थापनको लागि वृद्धास्याहार-सुसार सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ।
- ज्येष्ठ नागरिकका विषयहरुमा समन्वय कायम गर्न निरन्तर अन्तर-निकाय समन्वय गर्ने कार्य भईरहेको छ।
- ज्येष्ठ नागरिकलाई उपलब्ध गराईएको सेवाको प्रभावकारिता अध्ययन तथा सचेतनामूलक श्रव्यदृष्य सामाग्री उत्पादन र प्रसारण गरिएको छ।
- ज्येष्ठ नागरिक सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसका कार्यक्रमहरु मनाउने गरिरहेको छ।
- देशभर संचालन भएका ज्येष्ठ नागरिक सम्बन्धी सेवा केन्द्र, हेरचाह केन्द्र, दिवासेवा केन्द्र/मिलन केन्द्र, आश्रम/बृद्धाश्रम तथा ज्येष्ठ नागरिक सम्बन्धी काम गर्ने संघ संस्थाहरुको अनुगमन गरी सुझाव प्रदान गर्ने गरिएको छ।

आफ्नो जीवनको उर्जाशील समयमा आफ्नो क्षेत्रमा विज्ञता, सिप, दक्षता एवं अनुभव हासिल गर्नु भएका ज्येष्ठ नागरिकका सवालमा सम्बद्ध सबैको चासो र चिन्ता हुनु जरुरी भएकाले यसका लागि तीनै तहका सरकार, नागरिक समाज, परिवार लगायत सरोकारवाला सबैको हातेमालो आवश्यक देखिन्छ।

अन्तमा, ज्येष्ठ नागरिकहरु प्रति श्रद्धा र सम्मान गर्दै आज हामीले साझा अभियानको रुपमा पाँचौ राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन पाउँदा हर्ष विभोर भएको छु। यस अवसरमा सम्पूर्ण ज्येष्ठ नागरिकहरु प्रति श्रद्धा, सम्मान र दीर्घ जिवनको शुभकामना दिन चाहन्छु।

धन्यवाद !

श्रद्धा श्रेष्ठ
मन्त्री

मा. श्रद्धा श्रेष्ठ
मन्त्री

फोन नं. : ४२००२८०/४२११९२/४२००१५३ | फ्याक्स : ४२००११६ | इमेल : info@mowcsc.gov.np | वेबसाइट : www.mowcsc.gov.np
Phone.: 4200280/4211192/4200153 | Fax: 4200116/5526135 | Email: info@mowcsc.gov.np | Website: www.mowcsc.gov.np